जीविकोपार्जनका लागि बाख्रा वितरण। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-४८ ● २०८२ असार ०२ गते सोमबार, ● 16 June, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहाको ४ नम्बर वडाद्वारा ७९ जनालाई शैक्षिक सामग्री सहयोग




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ ले वडामा रहेका सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको छ। वडा कार्यालयले २८ जेठमा ऋषेश्वर आधारभूत विद्यालयका ४५ जना र बालकुमारी प्राथमिक विद्यालयका ३४ जना गरी कुल ७९ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको हो । वडाको वार्षिक स्वीकृत कार्यक्रमअनुसार शैक्षिक सामग्री वितरण गरेको हो ।

वडा अध्यक्ष नारायण लामासहितको टोलीले ऋषेश्वर आधारभूत विद्यालय र बालकुमारी आधारभुत विद्यालयमै पुगेर विद्यार्थीहरूलाई सामग्री वितरण गरेको हो । कार्यक्रममा प्रमुख अतिथि थाहा नगरपालिकाका शिक्षा शाखा प्रमुख माधवविक्रम मल्ल रहेका थिए। ४ नम्बर वडाध्यक्ष नारायण लामाको सभाध्यक्षतामा भएको सो कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष चन्द्रमाया बल, वडा सदस्य अक्षय कुमार थिङ, किटेनी रूप्से टोल विकास संस्थाका अध्यक्ष गणेश लामा, प्रधानाध्यापक सुलोचना गोले, कोपिला भेटवाल, वडा सचिव पाल्साङ लामा, विद्यालयका शिक्षक(शिक्षिका लगायत अभिभावकहरूको पनि उपस्थिति रहेको थियो ।

प्रमुख अतिथि मल्लले शैक्षिक सामग्री वितरणले विद्यार्थीहरूमा अध्ययनप्रतिको अभिरूचि बढाउने विश्वास व्यक्त गरे । वडाध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष लामाले सामुदायिक विद्यालयको गुणस्तर सुधारतर्फ वडाले निरन्तर प्राथमिकता दिइरहेको बताए ।

## मकवानपुरका २ पालिकाको १ प्रतिशतभन्दा कम बेरूजु

◆ विकास संवाददाता

बागमती प्रदेशका १ सय १९ स्थानीय तहमध्ये ३४ वटा पालिकाको मात्र एक प्रतिशतभन्दा कम बेरूजु रहेको पाइएको छ। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन २०८२ ले यस्तो देखाएको हो।

महालेखा परीक्षकको कार्यालयले गरेको वार्षिक प्रतिवेदन अनुसार प्रदेश भरमा शून्य बेरूजु भएको पालिकामा महाभारत गाउँपालिका रहेको छ । काठमाडौं जिल्लाका दुई, ललितपुरका तीन वटा, मकवानपुरका दुई वटा पालिकामा बकैया गाउँपालिका र राक्सिराङ गाउँपालिका, चितवनका पाँच, धादिङको दुई वटा, नुवाकोटको पाँच वटा, काभ्रेपलाञ्चोकको पाँच वटा, सिन्धुलीको तीन वटा, दोलखाको तीन वटा र रामेछापको चार वटा पालिकाको एक प्रतिशतभन्दा कम बेरूजु रहेको छ।

सबैभन्दा बढी बेरूजुभएका पालिकामा सिन्धुपाल्चोकको चौतारा सागा चोकगढी नगरपालिकाको ७.६७ प्रतिशत र चितवनको राप्ती नगरपालिकाको ७.९८ प्रतिशत गत आवमा बेरूजु रकम रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ। यसैबिच स्थानीय तहरूको बेरूजु रकम पनि वर्षेनि बढ्दो क्रममा छ।

# थाहानगरको लितीगाउँमा ‘एक घर, एक धारा’

विकास संवाददाता
थाहानगर



मकवानपुर थाहा नगरपालिकाको आधारभूत खानेपानी सेवा विस्तार नीति अनुसार वडा नम्बर १२ को लितीगाउँमा 'एक घर, एक धारा' निर्माण गरिएको छ। लितीगाउँका २ सय ५ घरमा विस्तार भएको खानेपानी आयोजनाको ३० जेठमा एक समारोहकाबीच नगर प्रमुख विष्णु बहादुर विष्टले उद्घाटन गरेका हुन् । वि.सं. २०८० सालको २१ कार्तिकमा थाहानगरकै उपप्रमुख भरत गोपालीबाट शिलन्यास भएको आयोजनाको डेढवर्षमै सम्पन्न गरी नगर प्रमुख विष्टले उद्घाटन गरेका हुन् । आयोजनाको काम १८ महिनामा सम्पन्न गर्ने लक्ष्य रहेको भएपनि सो अगावै निर्माण सम्पन्न भएको हो । खानेपानी उद्घाटनसंगै १२ नम्बर वडाको नागदह, ब्लेटोल, गौराइटोल, नयाँ घर टोल, कुण्डलीलगायतका गाउँबासीको घर घरैमा निर्माण भएको धारामा खानेपानी पुगेको छ ।

खानेपानी आयोजनाको उद्घाटन कार्यक्रममा नगर प्रमुख विष्टले आयोजना सम्पन्न गर्नका लागि प्राविधिक र आर्थिक सहयोग जुटाउने च्वाइस नेपालप्रति आभार व्यक्त गरे। उनले विगत लामो समयदेखी थाहानगरको विकासमा च्वाइस नेपालले सहयोग गर्दै आएको फेरिस्त सुनाउँदै भने-'हाम्रो विकासमा साँझेदारी अनन्तसम्म रहीरहनेछ।' नागरिकको आवश्यकतामा केन्द्रित भएर परियोजना सञ्चालन गर्ने च्वाइस नेपालको कार्यप्रति सन्तुष्टी जनाउँदै प्रमुख विष्टले अन्य गैर सरकारी संस्थाले च्वाइसबाट सिक्न आग्रह गरे। लिती गाउँबासीको घरघरमा खानेपानी पुगेको उल्लेख गर्दै आयोजना केवल पानीको प्रवाह नभइ विकासको संकेत भएको बताए । आयोजनाको दीगोपनका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्डले सहयोग पुऱ्याउने विष्टको भनाइ रहेको थियो । बोर्डका अध्यक्ष समेत रहेका विष्टले भने-'नगरका अन्य क्षेत्रहरूको जस्तै लितीगाउँको खानेपानी व्यवस्थापनका लागि बोर्डले समुदायसंगै मिलेर काम गर्छ।'

खानेपानी उद्घाटन कार्यक्रममा विशिष्ट अतिथि रहेकी च्वाइस युएसएकी सीईओ ह्यादरले समुदायको जीवनस्तरमा सुधार ल्याउन काम गरिरहेको सुनाउँदै मानिसको जीवनसंग प्रत्येक्ष सरोकार राख्ने विकास क्रियाकलापका लागि आफ्नो संस्था प्रतिवद्ध रहेको बताइन् । उनले नेपाली समुदायप्रति सँधै आफ्नो संस्था सकारात्मक रहेको प्रष्ट्याउँदै सकारात्मक परिवर्तनका लागि काम गर्ने बताइन् । उनले यस परियोजनामा संस्थागत सहकार्य गर्न पाउँदा खुशी लागेको बताउँदै लिती खानेपानी परियोजना सम्पन्न गर्न पाएकोमा सबैप्रति आभार व्यक्त गरिन् । उनले थपिन्-'पानी जीवन हो, हामी जीवनमा सकारात्मक परिवर्तन ल्याउन चाहन्छौं।'

च्वाइस नेपालका कार्यकारी निर्देशक प्रतीक शर्माले आयोजनाको सफल कार्यान्वयनमा स्थानीय सहभागिता महत्वपूर्ण रहेको उल्लेख गरे। निर्देशक शर्माले समुदायको नेतृत्व, स्थानीयको श्रमदान, इच्छाशक्ति र नगरपालिका तथा वडासंगको सहकार्यका खानेपानी आयोजनाको निर्माण सम्पन्न भएको बताए । शर्माले खानेपानी उपभोग गर्ने र सहकार्य गर्ने सबै परियोजनाका धन्यवादको पात्र भएको उल्लेख गरे । समुदायको काम गर्ने तौर तरीका अन्यका लागि पनि सिकाइको विषय भएको प्रतिक्रिया दिए । उनले थाहा नगरपालिकासंग जहिल्यै सहकार्य गर्न तयार रहेको पनि प्रतिवद्धता व्यक्त गरे।

थाहा नगरपालिका वडा नम्बर १२ का अध्यक्ष टिकाराम स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा उपस्थित अतिथीहरूलाई लिति आधार भूत स्वासथ्य केन्द्र प्रमुख चमेली तामाङले स्वागत गरेकी थिइन् । सो अवसरमा अन्तरदेशीय सांस्कृतिक आदान-प्रदान अन्तर्गत अमेरिका र नेपाली गित, संगित तथा नृत्य प्रदर्शन गरिएको थियो । कार्यक्रमकै लागि २७ जेठबाटै च्वाइस युएसएका प्रतिनीधिहरू १२ नम्बर वडाको नागदहमा आएका थिए । उनीहरूले समुदायमा विभिन्न श्रमदान समेत गरेका थिए ।

टिष्टुङको मेलखोला र घट्टेखोला मुहानबाट वितरण गरिएको खानेपानीका लागि १९ किलोमिटर लामो पाइप विस्तार गरिएको छ । आयोजनाका लागि थाहा नगरपालिकाबाट ६० लाख, च्वाइस नेपालबाट ८० लाख र स्थानीय श्रमदान २५ लाख गरी कुल लागत १ करोड ६५ लाख रूपैयाँ बराबरको लागत रहेको

बाँकी पेज ५ मा



विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
२०८२ असार ०२ गते सोमबार, 16 June, 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# • सम्पादकीय •

## प्लाष्टिक प्रयोगको विकल्प खोजौं

प्लाष्टिक र प्लाष्टिकजन्य वस्तुको प्रयोग अहिले नेपालमा मात्र नभई संसारभरि टाउको दुखाइको विषय बनेको छ । प्लास्टिकजन्य प्रदूषण त्रासदी बनेको छ, जसले विश्वको हरेक भागलाई असर गरेको छ । प्लास्टिकजन्य प्रदूषणले हाम्रो जैविक प्रणालीलाई पनि परिवर्तन गरिरहेको छ । यसले पारिस्थितिक प्रणाली पनि परिवर्तन गर्दै लगेको छ । हेर्दा सामान्यजस्तो लाग्ने तर विश्वलाई त्रासदी दिइरहेको प्लाष्टिकजन्य वस्तुको प्रयोग कम गर्नुमा नै मानव जातिको कल्याण रहेको छ । राष्ट्रसंघीय वातावरण कार्यक्रमको एउटा नयाँ प्रतिवेदनअनुसार सन् २०२१ मा विश्वले १३ करोड ९० लाख मेट्रिक टन प्लास्टिकजन्य फोहोर उत्पादन गरेको थियो । कुनै कदम नचालिएमा सन् २०६० सम्ममा प्लास्टिकको विश्वव्यापी उत्पादन तीनगुणाले बढ्ने अनुमान गरिएको छ । उक्त प्रतिवेदनले यो पनि भनेको छ कि अब पर्यावरणीय सन्तुलन कायम गर्न विश्वले नयाँ अभियानकै रुपमा प्लाष्टिकजन्य वस्तुको प्रयोग घटाउनुपर्ने छ । नेपालमा पनि प्लाष्टिकजन्य वस्तुको प्रयोग अत्यधिक छ । बेला–बेला प्लाष्टिकजन्य वस्तुको प्रयोगमा प्रतिबन्ध लगाउने घोषणा गरिए पनि यसको सार्थक कार्यान्वयन हुन सकिरहेको छैन ।

नेपाल सरकारले ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकका झोला उत्पादन, बिक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने घोषणा गरेको थियो । ०७८ साउन १ गतेदेखि पूर्णरुपमा प्रतिबन्ध लगाउने नीतिगत उद्घोष नै गरिएको थियो । त्यसो त सर्वोच्च अदालतले २०७८ साउन २८ गते नेपाल सरकारले घोषणा गरेको प्रतिबन्धलाई प्रभावकारी पालना गराउन कार्यान्वयन योग्य कार्ययोजना तयार गरी प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा देशभर प्रतिबन्ध आदेश दिएको थियो । औद्योगिक कच्चा पदार्थ वा अर्ध तयारी कच्चा पदार्थको रुपमा प्रयोग हुने प्लाष्टिकजन्य कच्चा पदार्थ बाहेक ४० माइक्रोनभन्दा प्लाष्टिकको झोला वा अन्य प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा रोक लगाएको सूचना २०७८ असोज १८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशनसमेत भएको थियो । तर कार्यान्वयनको अवस्था के छ भन्नेमा हामी भुक्तभोगी नै छौं ।

पछिल्लो समय कतिपय स्थानीय तहले यसमा ध्यान दिए पनि देशभरिको अवस्था हेर्दा प्लाष्टिकजन्य वस्तुको प्रयोगमा कमी आउन सकिरहेको छैन । मकवानपुरको बागमती गाउँपालिकाले प्लाष्टिक प्रयोग न्यूनीकरण गर्न दुना टपरी उद्योग हालै शुरु गरेको छ । यो सकारात्मक पक्ष हो । प्लाष्टिकजन्य पदार्थको प्रतिबन्धका लागि कानुनको अभाव छैन । प्लाष्टिकको झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ लागु भएसँगै पातलो प्लाष्टिकको झोलाको प्रयोगलाई नियन्त्रण गर्ने प्रयास शुरु गरिएको थियो । प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना २०७८ बनाएर पनि काम अघि बढाइएको छ । तर प्लाष्टिकजन्य वस्तुको प्रयोगमा कमी आएको छैन । यसलाई दुई तरिकाले अघि बढाउनु उपयुक्त हुनेछ । एकातिर कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ भने अर्कोतिर आम मानिसले जीवनशैली पनि बदल्नुपर्छ । आफूले प्रयोग गर्ने अत्यावश्यकीय वस्तु खरिदका लागि अन्य झोला प्रयोग गर्ने हो भने प्लाष्टिकको प्रयोग कम हुँदै जानेछ । सरसफाइ आनीबानीसँग पनि जोडिएकाले यसलाई वृहत सचेतना अभियानकै रुपमा अघि बढाउनु आवश्यक छ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पूर्वाधार विकास र सडक यातायात



◆ गम्भीरबहादुर हाडा

आधुनिक विकासवादी अर्थशास्त्रीहरूले मुलुकको सामाजिक, आर्थिक पूर्वाधारहरूको स्थापना, गरिबी निवारण, वातावरणीय पक्षको जगेर्ना, सामाजिक सेवाहरूमा विस्तारजस्ता कुरालाई अल्पविकसित मुलुकहरूका लागि आर्थिक विकासको आधार मानेका छन् । अतः आर्थिक विकास भनेको निरन्तर चलिरहने त्यो प्रक्रिया हो, जसद्वारा विश्वका गरिब मुलुकहरूले गरिबीको कुचक्रलाई तोड्नसक्ने र तिनीहरूको आफ्नो आम्दानीमा अभिवृद्धि हुनसक्ने, उत्पादनमा अभिवृद्धि हुनसक्ने, नयाँनयाँ रोजगारीका अवसरहरू प्राप्त हुनसक्ने र उच्चतम् जीवन व्यतित गर्नसक्ने अवस्था सिर्जना हुन्छ । सन् १९९० मा यूएनडीपीद्वारा आर्थिक विकासलाई मानवीय विकास सूचकलाई आधार बनाएर विशेष जोड दिइयो । (क) प्रतिव्यक्ति आम्दानी, (ख) मानवीय आयु र (ग) प्रौढ शिक्षाजस्ता कुराहरूलाई विशेष जोड दिइयो । साधारणतया विकास भन्नाले एउटा यस्तो अवस्थामा पुग्नु वा परिणत हुनु हो, जुन पहिलेको भन्दा उन्नत र समृद्ध हुन्छ । अझै गहिरिएर सोच्ने हो भने विकास भनेको त्यो हो, जसले प्राकृतिक सन्तुलनमा ह्रास आउन नदिई मानव जीवनस्तरमा सुधार ल्याउँदै मानिसको आहार व्यवहार, बसाइ तथा दृष्टिकोणमा परिवर्तन ल्याउँछ ।

पूर्वाधारलाई सामान्यतया दुई भागमा वर्गीकरण गर्न सकिन्छ १, भौतिक पूर्वाधार २, अभौतिक पूर्वाधार । पहिलो प्रकारमा यातायात, ऊर्जा पानी तथा ढल व्यवस्था, फोहोरमैला व्यवस्थापन, भौगर्गिक अनुगमन भवन र सञ्चारप्रणाली पर्छन् भने अभौतिक, नरम पूर्वाधारअन्तर्गत संस्थागत वा सामाजिक मनोरञ्जनात्मक पक्षहरू, शिक्षा संस्कृति, नीति वातावरण पर्छन् । तर, सामान्य बुझाइमा भौतिक पूर्वाधारलाई नै पूर्वाधारका रूपमा लिइने भएकाले भौतिक तथा सामाजिक पूर्वाधारले अत्यावश्यकीय नागरिक सेवा प्रवाह र आर्थिक सामाजिक गतिशीलता प्रवर्द्धन गर्न पूर्वसंरचनाका रूपमा कार्य गर्छ । सबैजसो विकसित मुलुकहरूको विकासको सुरूको चरणमा पूर्वाधारका विकासलाई पहिलो प्रथामिकता क्षेत्रका रूपमा प्रशस्त लगानी गरेकाले नै अहिलेको अवस्थामा पुगेका हुन् ।

प्रजातन्त्र स्थापनाअघि नेपालमा विकासका प्रयासहरू खासै नभएको २००७ सालभन्दा अधि पूर्वाधार क्षेत्रमा खासै प्रगति नहुनु अस्वाभाविक होइन । राणा शासनकालमा राष्ट्रिय विकासका प्रयासहरू भएकै थिएनन् । प्रजातन्त्र स्थापनापश्चात जनताका माग र आवश्यकतालाई सम्बोधन गर्न बजेट तथा योजना प्रणालीको सुरूवात भयो । २०१३ सालमा नेपालले कोलम्बो योजनामा प्रस्तुत गर्नका लागि एउटा अवधारणा प्रस्ताव तयार पारेको थियो । जसले यातायात, विद्युत्, सिँचाइ र कृषिलाई प्रमुख प्रथामिकता दिने सोच राखेको थियो । पछि यस अवधारणालाई पहिलो आवधिक योजना २०१३–२०१८ का रूपमा प्रस्तुत गरियो भने अवधारणाले औंल्याएका चार प्राथमिकता ( यातायात, कृषि, विद्युत् र सिँचाइ) लाई नै पहिलो योजनाको प्रथाकिताका रूपमा अवलम्बन गरियो । पहिलो आवधिक योजनापूर्व सबै प्रकारका गरी केवल १ सय १७ किमी सडक, १ हजार १ सय किलोवाट बिजुली, एउटा विमानस्थल, सीमित रूपमा परम्परागत टेलिफोन र सिँचाइ, औंलामा गन्न सकिने विद्यालय भवनहरू मात्र निर्मित भए । विकसित मुलुकहरूले विकास अभियानका सुरूका दिनमा पूर्वाधार संरचनामा पहिलो प्राथमिकता दिएका थिए । त्यसपछिका योजनामा पूर्वाधारलाई प्राथमिकता दिने क्रमले निरन्तरता पाउँदै गयो ।

यातायातले मानिस र मालसामान एक स्थानबाट अन्य स्थानमा स्थानान्तरण गरी स्थान र समय उपयोगिता बढाउने कार्य गर्छ । यसरी मानिस र मालसामान स्थानान्तरण गरी उत्पादनशील र सेवा क्षेत्रमा ठूलो प्रभाव पारी मानिसको रहनसहन, बानी व्यहोरा, सामाजिक आर्थिक संगठनहरूमा परिवर्तन ल्याउँछ । प्रत्यक्ष वा अप्रत्यक्षचाहिँ जुनसुकै रूपबाट होस्, नेपालको आर्थिक विकासमा यातायातको अत्यन्त महत्वपूर्ण स्थान छ । मुलुकको आर्थिक उन्नति यसमा पनि भर पर्छ । राष्ट्रिय जीवनमा कृषि र उद्योग क्रमैसँग मासु र हाड हुन् भने यातायात रगतको सञ्चालन गर्ने धमनी हो । त्यति मात्र होइन, यातायात आर्थिक उन्नतिको ऐना हो । 'अबगकभ, यातायातका साधनमा विकसित मुलुकहरू मात्र आर्थिक क्षेत्रमा उन्नतिशील छन् । यातायातमा कमजोर मुलुकहरू आर्थिक विकासमा पनि कमजोर नै हुन्छन् । हाम्रो मुलुकमा यातायात प्रणाली कमजोर हुनाले पनि आर्थिक विकास ढिलो भएको हुनसक्छ । अतः आर्थिक प्रगतिको मूल मार्ग नै यातायातको विकास हो ।

कुनै पनि मुलुकको आर्थिक र सामाजिक विकासमा यातायातका साधन महत्वपूर्ण मानिएको छ । मुलुकको सर्वाधिक विकासमा यातायातको महत्वपूर्ण योगदान रहन्छ । यातायातका साधनले विभिन्न स्थानमा रहेका मानिसहरूबीच सम्पर्क बढाउनुका साथै आवश्यक सामानहरू उपलब्ध गराएर आवश्यकताको परिपूर्ति गराउँछ । यातायातको सुविधा भयो भने थोरै सयम र थोरै ढुवानी खर्चमा एक ठाउँबाट अर्को ठाउँमा मालसामान ल्याउन र लैजान सकिन्छ । सडक यातायात नेपालको सबैभन्दा महत्वपूर्ण यातायातको साधन हो ।

भौतिक पूर्वाधारको विकास, प्रतिव्यक्ति आयमा वृद्धि, अन्तर्राष्ट्रिय सहकार्यमा नयाँ आयाम, व्यक्तिको आवश्यकता तथा चाहनामा आएको पविर्तनका साथसाथै सहरी जीवनमा आउने परिवर्तनलाई स्वाभाविक रूपमा लिनुपर्ने हुन्छ । यसै परिप्रेक्ष्यमा राजधानीवासीको जीवनशैलीमा आएको परिवर्तन तथा अवाश्यकताका कारण छिटोछरितो तथा सुरक्षित यात्राको चाहना हुनुलाई अन्यथा लिनु पनि हुँदैन । तर, के यो सहज र सम्भव भइरहेको छ त ? न त यो यक्ष प्रश्नको उत्तर सरोकारवालाहरूसँग, न त अफूले तिरेको करबाट सुविधा प्राप्त गर्नुपर्ने नागरिकहरूले यसलाई अभियानका रूपमा उठाइरहेका छन् । यो मौनता र यथास्थितिवादी मानसिकता नै आजको सार्वजनिक यातायातको पर्याय बनेको छ ।

चौडा सडक, बस रोकिने निर्दिष्ट स्थान, व्यवस्थित सडकपेटी, तालिकाका आधारमा सञ्चालन हुने यातायातका साधन, शिक्षित यात्रु, नगरवासीलाई सार्वजनिक साधनको उपयोग सम्बन्धमा सुसूचित गराउने स्थानीय निकायहरू, समयसापेक्ष यातायातसम्बन्धी नीति तथा नियम बनाउने एवं अनुगमन गर्ने सरकारी संयन्त्रहरू, यात्रु सेवाका लागि यातायात सेवा सञ्चालन गर्न स्वीकृतिप्राप्त बस समिति–कम्पनीहरू व्यवस्थित सार्वजनिक यातायात सञ्चालनका पर्याय हुन् । तर, विडम्बना के छ भने न त व्यवस्थित सडक छन्, न त व्यवस्थित बस बिसौनी नै । जताततै अतिक्रमित सडकपेटी देख्दा पनि सरोकारवालाहरू मौन छन् । कतै व्यवस्थित बसबिसौनी देखिँदैनन् एवं कुन रूटमा कुन बस चल्ने भन्ने तथ्यांक कुनै निकायमा छैन भन्नुमा अतिशयुक्ति नहोला ।

राजधानीमा हाल वास्तवमा बस तथा माइक्रोबस चलिरहेका छैनन्, ती त सबै ट्याक्सीजस्तो गरी सञ्चालन भइरहेका छन् । यात्रुहरू पनि जहाँ पायो, त्यहीँ हात दिएर बस रोक्न इसारा गर्ने र पछाडिका साधनहरूलाई ख्याल नगरी यात्रुहरूले हात दिएको स्थानमै तत्काल सवारीसाधन रोकी यात्रु चढाउने–ओराल्ने हालको परिपाटीले अव्यवस्थित सहरको झल्को मात्र दिएको छैन, यसैका कारण दैनिक दुर्घटनाको संख्यामा वृद्धि हुनुका साथै जनधनको क्षतिसमेत भइरहेको छ । आर्थिक वर्ष २०८–८१ को बजेट वक्तव्यमा उल्लेख गरिएनुसार यस आवमा सूर्यविनायक–धुलिखेल सडकखण्डको विस्तार कार्य अघि बढाउन आवश्यक र कम विनियोजन गरिएको छ । काठमाडौं चक्रपथको कलंकी–बसुन्धरा खण्डको सडक विस्तार तथा निर्माण कार्यलाई तीव्रता दिन २ अर्ब ७ करोड रकम छुट्ट्याइएको छ । राष्ट्रिय राजमार्गमा आवश्यकतानुसार फ्लाइओभर र अन्डर पास निर्माण गरिनुका साथै ललितपुरको ग्वार्कोमा फ्लाइओभर निर्माण कार्य आगामी आवमा सम्पन्न गरिने नीति लिइएको छ । कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा फ्लाइओभर र अन्डरपास निर्माण कार्य सुरूवात गरिने कार्यक्रम राखिएको छ । टोखा–छहरे सुरूङमार्गको सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय प्रभाव अध्ययन सम्पन्न गरी निर्माण कार्य अगाडि बढाउन १ अर्ब बजेट विनियोजन गरिएको छ । सिद्धबाबा सुरूङमार्गको निर्माण कार्यलाई तीव्रता दिइने कार्यक्रम राखिएको छ । राष्ट्रिय राजमार्गलाई दुरूस्त राख्न करिब ३ सय ५० किलोमिटर सडकको आवधिक मर्मत र स्तरोन्नति गर्नुका साथै करिब ७ हजार ८ सय किलोमिटर राजमार्गको नियमित मर्मत सम्भार गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । पूर्व–पश्चिम रेलमार्गको बर्दिबास–निजगढ खण्डको निर्माण कार्यलाई निरन्तरता दिइनुका साथै वीरगन्ज–काठमाडौं रेलमार्ग र रसुवागढी–काठमाडौं रेलमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिने कार्यक्रम राखिएको छ ।

आव २०७९–८० मा उल्लेख गरिएनुसार भौतिक पूर्वाधार तथा यातायात विकास

बाँकी पेज ३ मा

## कोठी हटाउन के गर्ने ?

अनुहारको सौन्दर्यलाई लिएर विभिन्न खालको चिन्ताले सताइरहेको हुन्छ । यसमध्ये पनि अनुहारमा आउने अनावश्यक कोठीले धेरै दु:ख दिइरहेको हुन्छ । छालाको दुई तह हुन्छ–एपिडर्मिस र डर्मिस । एपिडर्मिसमा मेलानोसाइट भन्ने कोष हुन्छ, जसले छालामा रंग बनाउने काम गर्छ । मेलानोसाइटबाट मेलानो पिग्मेन्ट छालामा जम्मा भयो भने कोठी बन्छ । कोठी वंशाणुगत र घामको विकिरणका कारण आउने गर्छ ।

### कोठी हटाउन सकिन्छ ?

अनुहारमा वा शरीरको जुनसुकै ठाउँमा आउने तिलकोठीलाई औषधि, लेजर प्रविधि र शल्यक्रियाबाट हटाउन सकिन्छ । तर औषधिले एकदम स–सानो कोठीलाई मात्र हटाउन सकिन्छ । तर ठूलो–ठूलो र छालाको माथि उठेका कोठी भएमा लेजर वा शल्यक्रियाबाट हटाउनुपर्ने हुन्छ । यस्तोमा औषधिले काम गर्दैन । लेजर वा शल्यक्रिया गर्दा खासै साइट–इफेक्ट हुँदैन । कसैकसैलाई सामान्य दुख्ने, घाउबाट रगत आउने, दाग बस्ने इन्फेक्सन हुन सक्छ ।

त्यस्तै कोठी हटाउने कुनै घरेलु उपाय छैन । तर कतैकतै कोठी हटाउन कोठीमा टुथपेस्ट, चुना, एसिड लगाउने चलन छ । यसले कोठी हट्नुको साटो छालामा एलर्जी तथा नकारात्मक असर मात्र गर्छ । त्यसैले यस्तो कार्य पूर्ण रूपमा बन्द गर्नुपर्छ ।

### कति लाग्छ खर्च ?

अस्पताल र क्लिनिक अनुसार यसमा लाग्ने खर्च फरक हुन सक्छ । धेरैजसो लेजर र शल्यक्रिया गर्दा लगभग तीन हजारदेखि २५ हजार सम्म लाग्ने गर्छ । साथै कोठीको साइजमा पनि भर पर्छ । किनकि कुनै कोठी एकचोटी लेजर वा शल्यक्रिया गर्दा निस्किन्छ भने कुनै दुई–तीन पटकसम्म गरेर निकाल्नुपर्ने हुन्छ ।

# यि हुन बालबालिकालाई सिकाउनुपर्ने ५ कुरा

सबै अभिभावक आफ्ना छोराछोरीलाई उपयोगी कुरा सिकाउन चाहन्छन् । उनीहरूको व्यक्तित्व राम्रोसँग विकास गर्न चाहन्छन् ताकि उनीहरूले ठूलो भएपछि सफलता हासिल गर्न सकुन् । जीवनमा सफलता हात पार्न आमाबाबुले छोराछोरीहरूमा नेतृत्व गुणको पनि विकास गर्नुपर्छ । बालबालिकामा नेतृत्व गुण विकास गर्नु भनेको उनीहरूको आत्मविश्वास बढाउनु र व्यक्तिगत, व्यावसायिक स्तरमा उनीहरूको विकासलाई प्रोत्साहन दिनु हो ।

यदि बच्चामा नेतृत्वको गुण छ भने उसले आफ्नो रूचिको क्षेत्रमा उत्कृष्ट काम गर्न सक्छन् । नेतृत्व भनेपछि राजनीति भन्ने एउटा सोच छ समाजमा । तर नेतृत्व राजनीति मात्र होइन, परिवार समाजमा पनि आवश्यक हुन्छ । त्यसैले बच्चालाई नेतृत्व विकास भनेको के हो भन्ने कुरा बुझाउनुपर्छ ।

बच्चाहरूमा शारीरिक, भावनात्मक, बौद्धिक र मानसिक विकास हुने क्रममा नै नेतृत्व गुणको विकास भयो भने उनीहरूले आफ्नो क्षेत्रमा सफलता हात पार्न सक्छन् । बच्चामा नेतृत्व गुण विकास गर्ने सबैभन्दा राम्रो तरिका कुनै कुरा देखाएर नै हो । बच्चासँग कुराकानी गर्दा जिम्मेवारी र सहानुभूति झल्किने गरी प्रभावकारी ढंगले गर्नुपर्छ । कार्य क्षेत्रमा र समाजमा नेतृत्व गरिरहेको अभिभावकबाट बच्चाले पनि धेरै कुरा सिकिरहेको हुन्छ । अभिभावकले गरेको कुरा र कामलाई बच्चाले याद गरिरहेका, पछ्याइरहेका हुन्छन् । अभिभावकको व्यवहारमा नेतृत्व कौशल देखेर बच्चाहरूले पनि यसलाई अपनाउन थाल्छन् ।

बच्चामा नेतृत्व गुण विकास गर्न जति महत्त्वपूर्ण भूमिका अभिभावकको हुन्छ, त्यति नै महत्त्वपूर्ण भूमिका विद्यालयका शिक्षक–शिक्षिकाको पनि हुन्छ । त्यसैले बच्चामा नेतृत्व गुण विकास गर्न शिक्षक र अभिभावकले बच्चालाई मुख्यगरी यी पाँच कुरा सिकाउनुपर्छ ।

### सञ्चार सीप

यो एउटा सीप हो जुन हरेक बालबालिकामा हुनु जरूरी छ । कुराकानी गर्ने गुण अर्थात् सञ्चार सीपले हरेक व्यक्तिलाई जीवनमा अगाडि बढ्न मद्दत गर्न सक्छ । भनिन्छ नि 'बोल्नेको पीठो पनि बिक्छ नबोल्नेको चामल पनि बिक्दैन' । त्यसैले बच्चालाई अरूको अगाडि आफ्नो कुरा खुलेर र स्पष्टसँग राख्न सिकाउनुपर्छ । यदि बालबालिका हुर्किएर मिडिया, राजनीति, मार्केटिङ जस्ता क्षेत्रमा करिअर बनाउन चाहन्छन् भने 'कम्युनिकेसन स्किल' उनीहरूको लागि निकै उपयोगी हुन्छ ।

आजकल सञ्चार सीप सुधार गर्न विभिन्न तालिम लिने चलन छ । तर यदि आमाबाबुले बच्चालाई सानैदेखि सबैसँग कुरा गर्न प्रेरित गरे उनीहरूलाई लाभदायक हुन्छ ।

### हार स्वीकार्न

कठिनाइ र गल्तीहरूप्रति सकारात्मक दृष्टिकोण अपनाउने आमाबाबुका बच्चाले नयाँ कुरा सिक्ने क्षमता राख्छन् । बालबालिका धेरै किसिमका क्रियाकलापमा सहभागी हुन्छन् तर हारेको खण्डमा निराश हुन सक्छन् । हारे पनि प्रयास गर्न छोड्नु हुँदैन । प्रयास गरिरहँदा सफल भइन्छ भन्ने कुरा बच्चालाई सिकाउनुपर्छ । बच्चालाई बुझाउनुपर्छ कि जीवनमा जीत र हार दुवै स्वीकार गर्नुपर्छ । बालबालिकामा हार स्वीकार गर्ने बानीको विकास गरियो भने यो गुण नेतृत्व विकासको लागि सहयोगी हुन्छ ।

### सामाजिक कार्यक्रममा सहभागी हुन

बालबालिकाले सक्रिय रूपमा सामाजिक काममा भाग लिएपछि मात्र बालबालिकामा नेतृत्वको गुण विकास हुन सक्छ । यस्ता गुण विकास गर्न छोराछोरीहरूलाई सामाजिक कार्यक्रमहरूमा भाग लिन प्रेरित गर्नुपर्छ । सामाजिक कार्यक्रममा भाग लिंदा उनीहरूले अरूसँग मिलेर काम गर्न सिक्छन् । यसले पनि उनीहरूको नेतृत्व गुणलाई बढाउँछ ।

### खेलकुदमा सहभागी गराउने

खेलकुद शारीरिक क्रियाकलापका लागि मात्रै होइन, मानसिक स्वास्थ्यलाई पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । खेल वा खेलकुदमा संलग्न बालबालिकाले आफ्नो समस्या आफैं समाधान गर्न सक्छन् । यस्ता बालबालिका प्राय: समस्या समाधानमा केन्द्रित हुन्छन् । जसले उनीहरूमा नेतृत्व गुणको विकास पनि हुन्छ ।

### आत्मविश्वास बढाउन सहयोग गर्ने

बाल्यकालदेखि नै आफ्ना बच्चाको आत्मविश्वास बढाउन सहयोग गर्नुपर्छ । आत्मविश्वास बढाउन बच्चालाई अतिरिक्त क्रियाकलाप, विद्यालय समारोह र सामाजिक कार्यक्रम आदिमा भाग लिन प्रेरित गर्नुपर्छ । यस्ता गतिविधिले बालबालिकाको आत्मविश्वास बढाउँछ । आत्मविश्वास भएका बच्चा अक्सर नयाँ काम गर्न हिच्किचाउँदैनन् । यो नेतृत्वको लागि धेरै महत्त्वपूर्ण गुणमध्ये एक हो ।

## पूर्वाधार विकास.... .. ..

कार्यक्रमअन्तर्गत २०७९ फागुनसम्म १७ हजार ४ सय ८० किलोमिटर कालोपत्रे ७ हजार ९ सय ५६ किलोमिटर ग्राभेल र ८ हजार ६ सय ६४ किलोमिटर कच्ची सडक गरी हालसम्म संघीय सरकारबाट निर्माण भएको सडकको लम्बाइ ३४ हजार १ सय किलोमिटर पुगेको छ । कुल सडकमध्ये ५१ दशमलव ३ प्रतिशत कालोपत्रे २३ दशमलव ३ प्रतिशत ग्राभेल र २५ दशमलव ४ प्रतिशत कच्ची रहेको छ । २०७९ असारसम्मको सडकको कुल लम्बाइ ३३ हजार ९ सय ९६ किलोमिटर रहेको थिथो । यस आवको फागुनसम्म थप १ सय ४ किलोमिटर नयाँ सडक निर्माण भएको छ । यस अवधिमा ३ सय १६ किलोमिटर सडक खण्डास्मिथ ग्राभेलस्तरमा, २ सय ४८ किलोमिटर सडक कालोपत्रे स्तरमा स्तरोन्नति भएको छ । साथै, ८ हजार २ सय ५४ किलोमिटर सडकको नियमित तथा पटके मर्मत भएको छ । साथै, २ सय ७८ किलोमिटर सडकको आवधिक मर्मत सम्पन्न भएको छ । यस अवधिमा ७५ पुलको निर्माण सम्पन्न भएको छ । आव २०७९/०८० मा २ सय ८० किलोमिटर नयाँ सडक निर्माण भएको थियो । यस अवधिमा ३ सय ३५ किलोमिटर खण्डास्मिथ सडक स्तरमा स्तरोन्नति र ६ सय १८ किलोमिटर कालोपत्रे सडकको स्तरोन्नति भएको थियो । साथै, ७ हजार ८ सय किलोमिटर सडक नियमित तथा पटके मर्मत सम्पन्न भएको थियो भने २ सय ५० किलोमिटर सडकको आवधिक मर्मत सम्भार भएको थियो । सो अवधिमा २ सय ८२ पुलको निर्माण सम्पन्न भएको थियो ।

निर्माण भएका सडकमध्ये प्रदेश र स्थानीय तहमा रहेका सडकको अंश करिब बराबर रहेको छ । लुम्बिनी प्रदेशमा स्थानीयभन्दा प्रादेशिक सडकको अंश बढी छ भने बाग्मती प्रदेशमा प्रादेशिकभन्दा स्थानीय सडकको अंश अधिक रहेको छ । प्रादेशिक र स्थानीय सडक निर्माण तथा सुधार गरी स्थानीय तहको प्रशसनिक केन्द्रलाई जिल्ला सदरमुकाम, प्रादेशिक सडक सञ्जाल, प्रदेश राजधानी र राष्ट्रिय सडक सञ्जालमा आबद्ध गरी १२ महिना यातायात सञ्चालन गर्न रूपान्तरणकारी आयोजनाका रूपमा प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन गरिएको छ । स्थानीय पूर्वाधार विभागबाट २०७७ असारसम्म ८ हजार ५ सय ५२ झोलुंगेपुल र ५ सय ९१ वटा पक्की पुल निर्माण भएकामा चालू आवको फागुनसम्ममा थप २ सय ६४ वटा झोलुंगेपुल र ५ पक्की पुल निर्माण भई जम्मा ८ हजार ८ सय १६ झोलुंगेपुल र ५ सय ९६ पक्की पुल निर्माण भएका छन् । पहिचान भएका १ सय ४३ तुइनमध्ये २०७७ फागुनसम्म १ सय २९ तुइन झोलुंगेपुलद्वारा विस्थापित भएका छन् ।

सरकारले सन् २०३० सम्ममा ७ लाख किलोमिटर सडक निर्माण गर्ने दीर्घकालीन योजना अगाडि सारेको छ भने आगामी पाँच वर्षभित्र सडक निर्माण, मर्मत सम्भार र स्तरोन्नतिका लागि ८ खर्ब १६ अर्ब खर्च गर्ने निर्णय गरेको छ । सरकारले भर्खरै रणनीतिक महत्वका सडक योजनालाई थप बजेट दिने तयारी गरिरहेको छ । यहाँ भन्नैपर्छ, जति सडक निर्माण भइरहेका छन्, त्यसबाट सन्तुष्ट हुन सकिने अवस्था छैन । 'अबगकभ, नेपालको जतिकै क्षेत्रफल रहेको बंगलादेशमा ३ लाख किलोमिटर सडक निर्माण भइसकेको छ भने नेपालभन्दा आधा सानो श्रीलंकामा पनि ३ लाख किलोमिटर सडक सञ्जाल तयार भइसकेको अवस्था छ । नेपालमा अझै यस्ता भूभाग थुप्रै छन्, जहाँ सडक सञ्जाल जोडिन सकेको छैन ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# श्रावण १ गतेदेखि हेटौंडाका सम्पूर्ण कार्यालयमा तामाङ र नेपाल (नेवारी) भाषा अनिवार्य




◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले आगामी २०८२ साल श्रावण १ गतेदेखि नगर पालिका अन्तर्गतका सम्पूर्ण कार्यालयमा तामाङ र नेपाल (नेवारी) भाषा अनिवार्य रूपमा प्रयोग गर्ने निर्णय गरेको छ । उपमहानगरपालिकाको ६७ औं कार्यपालिका बैठकले वडा कार्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रहरूको साइनबोर्ड, लेटरप्याड र अन्य आधिकारिक कागजातहरूमा यो नियम लागू गरिएको उपमहानगरका प्रवक्ता सविन न्यौपाने जानकारी दिएका छन् ।

यस कदमले स्थानीय मातृभाषा संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्य राखेको नगरप्रवक्ता न्यौपानेले बताएका छन् । मातृभाषामार्फत सेवाप्रवाह गर्दा स्थानीयले सहजरूपमा सेवा प्राप्त गर्न सक्ने विश्वास उपमहानगरपालिकाले लिएको छ । त्यसैगरी, हेटौंडा उपमहानगरले सार्वजनिक जग्गाको संरक्षणमा पनि कठोर नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १३ अन्तर्गतको दफा ९७ बमोजिम उपमहानगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको एकीकृत लगत संकलन गरी प्राविधिक माध्यमबाट विवरण तयार पार्ने भएको छ । सार्वजनिक जमिनमा अनधिकृतरूपम बनाइएका निजी भौतिक संरचना (घरटहरा) १५ दिनभित्र हटाउन सूचित गरिएको छ । तोकिएको समयावधिमा अतिक्रमण हटाइएन भने प्रचलित कानुनअनुसार सम्बन्धित संरचना हटाउने प्रक्रिया अगाडि बढाइने उपमहानगरले स्पष्ट पारेको छ ।

उपमहानगरले सबै नागरिकलाई यस्ता सार्वजनिक जग्गाको संरक्षणमा सहकार्य गर्न र ऐनविपरीत कुनै गतिविधि नगर्न आग्रह गरेको छ । हेटौंडा उपमहानगरले एमबिबिएस अध्ययनरत ४ जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने भएको छ । उपमहानगर पालिकाबाट सिफारिस भई एमबिबिएस अध्ययन गरिरहेका ४ जना विद्यार्थीलाई जनही ५ लाखको दरले आर्थिक वर्ष २०८२/८३ मा छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरिएको छ । छात्रवृत्ति पाउने विद्यार्थीमा हेटौंडा(१५ की कृष्टिना तितुङ, हेटौंडा-५ की शाम्भवी ठकुरी, हेटौंडा-४ का सफल आचार्य र हेटौंडा-१९ का पबिन बर्तौला रहेका छन् । खोला तथा नदीबाट अवैधरूपमा ढुंगा, गिट्टी, बालुवा चोरी निकासी हुने गतिविधिलाई नियन्त्रण गर्न उपमहानगरपालिकाले कडा निगरानी गर्ने निर्णय गरेको छ ।

# बुढीचौरका गृहिणी मौरीपालन तालिम

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिका वडा नम्बर ८, बुढीचौरका गृहिणी महिला मौरी पालनसम्बन्धी तालिममा सहभागी बनेका छन् । मकवानपुरगढी गाउँपालिका र बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको गृहिणी महिला सशक्तिकरण परियोजना अन्तर्गत नव चेतनशील समाज नेपालको आयोजनामा सञ्चालित एक साताको तालिममा उनीहरू सहभागी बनेका हुन् ।

२५ जेठबाट सुरू भएको तालिमको मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानले उद्घाटन गरे । अध्यक्ष स्याङ्तानले घरधन्दा तथा खेतीपातीका काममा व्यस्त रहने गृहिणीहरूका लागि यस तालिमले उद्यमशील बनाउँन सहयोग पुऱ्याउँने बताए । 'सीप सिकेर उद्यमशील बन्ने विषय चानचुने होइन ।' अध्यक्ष स्याङ्तानले भने, 'आफ्नै गाउँघरमा आएको तालिममा सक्रियतापूर्वक सहभागी बनेर आर्थिक आम्दानी बढाउन लागिपर्नुस् ।' महिलाहरूको क्षमता, सीप विकास गराउँदै उनीहरूलाई स्वरोजगार बनाउँने काममा पालिका लागिपरेको स्याङ्तानको भनाई छ । यस तालिमपछि बुढीचौर क्षेत्रको चिनारी मौरी र महका लागि कायम होस् भन्ने आफ्नो चाहना रहेको उनले बताए । तालिम शुभारम्भमा पालिकाकी उपाध्यक्ष मानकुमारी नेपाली पाख्रीनले आफूहरू विभिन्न सीप मुलक तालिम सञ्चालन गर्दै उद्यमशील तथा स्वरोजगार बनाउने कार्यमा लागिपरेको जानकारी दिइन् । 'ब्युटिसियन, ब्याग, गलैंचा बुन्नेजस्ता सीपमुलक तालिम सञ्चालन गरी उद्यमशील बनाउन सहयोग गरिरहेका छौं ।' उपाध्यक्ष पाख्रीनले भनिन् । उनले आगामी आर्थिक वर्षमा पनि गाउँपालिकाभित्र औपचारिक शिक्षा तथा अवसरबाट पछाडि परेकालाई सहयोग पुग्ने खालका कार्यक्रम ल्याइने जानकारी दिइन् ।

पालिकाको ६ नम्बर वडाध्यक्ष कृष्णप्रसाद बजगाईं, ८ नम्बर वडाध्यक्ष कुमारसिं घिसिङ, वडा सदस्य गोकुल देवकोटाले बुढीचौरमा सञ्चालन गरिएको मौरीपालन सम्बन्धी तालिम अत्यन्त प्रभावकारी हुनेमा विश्वास व्यक्त गरे । उनीहरूले व्यवसायिक रूपमै अगाडि बढ्न तालिमले सघाउने भएकाले लाभ लिन यसबाट भरपुर लाभ लिन स्थानीय गृहिणी महिलाहरूलाई आग्रह गरे ।

यही ३१ गतेसम्म सञ्चालन हुने तालिममा विगत २२ वर्षदेखि मौरी पालन व्यवसायमा संलग्न नेपाल मौरी पालक महासंघका केन्द्रीय कोषाध्यक्ष समेत रहेका जनकबाबु तिवारीले सहजीकरण गरिरहेका छन् ।

# मकवानपुरको कैलाश गाउँपालिका विपद् पूर्व तयारीमा जुट्यो

◆ विकास संवाददाता

कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले विभिन्न रोगव्यादीका साथै प्राकृतिक विपद्का लागि गाउँपालिका तयारी अवस्थामा रहेको बताएका छन् । विपति बाजा बजाएर नआउने बताउँदै आवश्यक तयारीका साथ हामी बस्नुपर्ने हुन्छ, उनले बताए । मंगलबार स्थानीय द्रुत प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टोली सम्बन्धी अन्तरक्रियाका साथै विपद् कन्टिजेन्सी योजना निर्माण कार्यक्रममा बोल्दै अध्यक्ष मुक्तानले मानिसमा लाग्ने विभिन्न रोग प्रकोपका विपद् सँगै पशुपन्छीमा लाग्ने रोगव्यादी र विपद्मा हामीले ध्यान दिएको बताए ।

विपद्का लागि आगामी नीति कार्यक्रमका विभिन्न कार्यक्रम समेट्ने गरी स्थानीय द्रुत प्रतिकार्य समिति मार्फत आवश्यक समन्वय र सहकार्य गरेर कार्य गरिने बताए । मौसम परिवर्तनको समय छ, मौसमी रोगहरूको प्रकोप फैलिन सक्छ, सबै स्वास्थ्यकर्मीहरू तयारी अवस्थामा रहनुस्, अध्यक्ष मुक्तानले भने । उनले गाउँपालिकामा प्रर्याप्त औषधि छन्, अपुग भएमा माथिल्लो निकायसँग समन्वय गर्न आग्रह गरेका छन् । त्यस्तै, गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले विपद्को अवस्थामा गाउँपालिका तयारी अवस्था रहने बताए । रोगव्यादी मात्रै नभई बाढी पहिरोको जोखिम रहने यस क्षेत्रमा उक्त विपद्को पनि हामी तयारी रहनुपर्ने बताए । हामी पूर्व तयारीका साथ छौं, अपुग आवश्यक सामाग्रीहरू खरिद गर ्र तयारीमा रहन्छौं, उपाध्यक्ष मल्लले भने । स्थानीय द्रुत प्रतिकार्य समिति र टोली तयारी अवस्थामा रहनुपर्छ ।




कार्यक्रममा डब्लुएचओका प्रतिनिधि डा। सविता पौडेलले स्थानीय द्रुत प्रतिकार्य समिति र टोलीले गर्नुपर्ने निर्देशिका, विश्वमा घटेका विपद् तथा महामारीहरू, नेपालमा देखिएका ५२ वटा संक्रमण रोगहरू, सार्वजनिक महामारीका संकेतहरू, कैलाशमा जंगली च्याउको प्रयोग र त्यसबाट हुने असर, रोग निगरानी तथा महामारी व्यवस्थापनको तयारीका विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गरेकी थिइन् । यसैगरी जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले आरआरटी र आरआरसीको बारे जानकारी गराएका थिए । उनले तीन तहको सरकारमा स्थानीय द्रुत प्रतिकार्य समिति र टोली बनेको अवस्थामा महामारीको प्रकृति अनुसार समिति र टोलीको निर्माण हुने बताए । उनले समिति र टोलीको काम कर्तव्य र अधिकारबारे प्रष्ट पारेका थिए ।

गाउँपालिका अध्यक्ष मुक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष बालकुमार मल्ल, १० वडा अध्यक्ष सुर्यबहादुर ब्लोन, डब्लुएचओका प्रतिनिधि डा। सविता पौडेल, जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे, गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख कृष्ण यादव लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिकाको वडाका स्वास्थ्य चौकीका कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागिता थियो ।

# दलित समुदायबाट थाहानगर प्रमुख विष्टलाई ज्ञापनपत्र

◆ विकास संवाददाता

नेपाल दलित मुक्ति मोर्चा, थाहानगर समितिले थाहा नगरपालिकालाई छुवाछुतमुक्त नगर घोषणासँगै दलित समुदायको हक, अधिकार र सशक्तिकरणका माग गर्दै ज्ञापनपत्र बुझाएको छ ।

थाहा नगरपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा नेपाल दलित मुक्ति मोर्चा थाहानगर कमिटी अध्यक्ष सुरेन नेपाली, इन्चार्ज अर्जुन सुनार, मकवानपुर जिल्ला संयोजक जमिन दियाली तथा अन्य दलित जनप्रतिनिधिहरूको उपस्थितिमा थाहानगर प्रमुख विष्णु बहादुर विष्टलाई ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्रमा संविधानले सुनिश्चित गरेका दलित समुदायका अधिकारको प्रभावकारी कार्यान्वयन, दलित छात्रवृत्ति, भूमिहीन र आवासविहीन दलितको अधिकार सुनिश्चित, दलित सशक्तिकरण ऐन निर्माण, परम्परागत पेशाको संरक्षण र बजेट व्यवस्थापन, पालिकामा समावेशी नियुक्ति प्रक्रिया, नगर स्तरीय दलित विकास बोर्डको गठन र अन्तरजातीय विवाह गर्ने जोडीको पुनःस्थापनाको माग गरेका छन् ।



ज्ञापनपत्रमा भनिएको छ, "२०६३ सालमा नेपाल छुवाछुतमुक्त राष्ट्र घोषणा भइसके पनि व्यवहारमा छुवाछुत र जातीय भेदभाव कायमै छ । संविधानमा उल्लेखित धारा २४, ४० र ४२ मा स्पष्ट व्यवस्था भए पनि यसको कार्यान्वयनमा सरकार बेखबर देखिएको छ ।" नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) निकट नेपाल दलित मुक्ति मोर्चाले माओवादी आन्दोलनपछि दलित अधिकारका विषयमा गरिएको घोषणाको कार्यान्वयन नगरेको भन्दै वर्तमान सरकारप्रति पनि गम्भीर आपत्ति जनाएका छन् ।

दलित समुदायको शिक्षा, स्वास्थ्य, आवास, पेशा, रोजगार र सामाजिक सुरक्षा सुनिश्चित गरी थाहानगरलाई नमुना छुवाछुतमुक्त नगर घोषणा गर्न मोर्चाले माग गरेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# वाइसीएल थाहानगरका पदाधिकारी चयन, वडा इन्चार्जहरू पनि तोकिए

◆ विकास संवाददाता




नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको युवा संगठन वाइसीएल थाहानगर कमिटीको ३१ जेठमा सम्पन्न एक पूर्ण बैठकले पदाधिकारी चयन गर्दै संगठनलाई पूर्णता दिएको छ ।

शिखरकोटको शंकर होटलमा भएको बैठक वाइसीएल थाहानगर अध्यक्ष केशव सुनारको अध्यक्षतामा भएको हो। बैठकले संगठनको विभिन्न पदमा नयाँ जिम्मेवारी बाँडफाँड गरेको छ । बैठकले उपाध्यक्षमा देवकी तामाङ, राजु गोले, राजिव विक्रम खड्का, श्यामसुन्दर कार्की र विजय बस्नेतलाई सर्वसम्मत गरेको छ । सचिवमा विश्वनाथ रायमाझी, सहसचिवमा रवि जिम्बा, अमृत थोकर र बिना तामाङ, कोषाध्यक्षमा राजु महर्जन सर्वसम्मत भएका छन् ।

बैठकले वडा वडा इन्चार्जहरूको जिम्मेवारी पनि तोकिएको छ । वडा नम्बरको इन्चार्जमा सुनिल गुरूङ, २ नम्बर वडाको विकास बलामी, ३ नम्बर वडा इन्चार्जमा रवि जिम्बा, ४ नम्बर इन्चार्जमा हरिनारायण थिङ, ५ नम्बर इन्चार्जमा रघुनाथ वाइबा, ६ नम्बर वडा इन्चार्जमा शन्तलाल रूम्बा चयन भएका छन् । त्यसैगरी थाहा(७ को अध्यक्षमा पूर्ण थिङ, ८ मा रामशरण थिङ, ९ मा सुमन गोपाली, १० मा शंकर गोपाली, ११ नम्बर वडामा सुरेन्द्र तामा र १२ नम्बर वडा इन्चार्जमा सोमनाथ गोले सर्वसम्मत तोकिएका छन् ।

बैठकमा नेकपा माओवादी केद्र थाहानगर अध्यक्ष विनोद कुमार लामा, जिल्ला समन्वय समिति सदस्य अरूण रायमाझी, नगर सदस्य यादवजंग रायमाझी, वाइसीएल जिल्ला सदस्यहरू सानोबाबु मोक्तान, लक्ष्मी रायमाझी, इसाक केसी, विकास बलामी, वाइसीएल बागमती प्रदेश सदस्य जयशंकर आले, तथा प्रगतिशील खेलकुद महासंघका जिल्ला उपाध्यक्ष मानसिं दोङलगायतको उपस्थिति रहेको थियो ।

बैठकले संगठन सशक्त र सक्रिय बनाउन युवा नेतृत्वको भूमिकालाई अझ बलियो बनाउँदै जाने प्रतिबद्धता जनाएको छ ।

# जीविकोपार्जनका लागि बाख्रा वितरण



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले ३६ जनालाई प्रजनन् योग्य माउ बाख्रा वितरण गरिएको छ । पालिकाले समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रमु अन्तर्गत 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई तालिमसहित बाख्रा वितरण गरेको हो । यस कार्यक्रमलाई थाहा नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको हो ।

थाहा नगरपालिका स्तरीय अपाङ्गता समन्वय समितिका अध्यक्ष मनलाल गोपालीका अनुसार मध्यम र सामान्य श्रेणीमा पर्ने अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको वडाअनुसार माग संकलन गरी बाख्रा प्रदान गरिएको हो। बाख्रा वितरण कार्यक्रमलाई थाहा नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता शाखाकी प्रमुख प्रतिमा मोक्तानले कार्यक्रम सानो भए पनि दीर्घकालीन रूपमा प्रभावकारी हुने विश्वास व्यक्त गर्दै यस किसिमको सानो बीउ पूँजीको सहयोगले ठूलो परिवर्तन ल्याउन सक्ने अपेक्षा गरिन् ।

कार्यक्रमका क्रममा अपाङ्गता सरोकार केन्द्रबाट कृत्रिम खुट्टा एक जनालाई, कृत्रिम हात दुई जनालाई, वैशाखी आठ जनालाई र ह्विलचेयर दुई जनालाई प्रदान गरिएको अपाङ्गता सरोकार केन्द्रका अध्यक्ष गणेश दवाडीले जानकारी दिए । २०७८ सालको जनगणना अनुसार बागमती प्रदेशमा १ लाख २४ हजार १ सय जना अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । स्थानीय तहबाट यस्ता कार्यक्रमले अपाङ्गता भएका समुदायलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने सरोकारवाला बताउँछन् ।

# सामुदायिक वनमा देखिएका समस्या र तिनको समाधानका उपायहरूबारे थाहामा वृहत छलफल



◆ विकास संवाददाता

थाहा नगरपालिकामा रहेका सामुदायिक वनमा देखिएका समस्या र तिनको समाधानका उपायहरूबारे वृहद् छलफल भएको छ । थाहा नगरपालिकाको आर्थिक सहयोग तथा सामुदायिक वन उपभोक्ता महासंघ थाहाको आयोजनामा २७ जेठमा 'सामुदायिक वन सम्बन्धी अभिमुखिकरण कार्यक्रम' भएको हो ।

थाना बजारस्थित गंगा होटलको सभाहलमा आयोजित कार्यक्रममा थाहा नगरपालिकाभित्रका विभिन्न सामुदायिक वन उपभोक्ता समितिबाट करिब ९० जना प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । कार्यक्रमको अध्यक्षता सामुदायिक वन उपभोक्ता महासंघ थाहाका अध्यक्ष गणेशमान श्रेष्ठले गरेका थिए भने प्रमुख आतिथ्यता थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानको रहेको थियो । कार्यक्रममा बोल्दै थाहा नगरपालिका बन तथा वातावरण समितिका संयोजक हिरेन्द्र कुमार रायमाझीले सामुदायिक वन संरक्षण र पानीका मुहान संरक्षणमा नगरपालिकाले गर्दै आएको प्रयासबारे जानकारी दिए । उनले संघीय र प्रदेश सरकारका वन सम्बन्धी ऐनहरूमा एकरूपता नहुनुका कारण स्थानीय तहलाई नीति कार्यान्वयनमा समस्या भइरहेको स्पष्ट पारे ।

डिभिजन बन कार्यालय राप्तीका प्रमुख हेम बहादुर थापाले सामुदायिक वन संरक्षण सबैको साझा दायित्व भएको भन्दै, जनप्रतिनिधि, उपभोक्ता समिति, र सरकारी निकायबीच सहकार्यको खाँचो औंल्याए । उनले सहभागीहरूको जिज्ञासाहरूको जवाफसमेत दिएका थिए । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका जिल्ला अध्यक्ष सादुराम चौलागाईं, जिल्ला कोषाध्यक्ष बलराम अधिकारी, सब डिभिजन बन कार्यालय पालुङका बन अधिकृत सागर प्रसाद जैसी, डिभिजन बन कार्यालय राप्तीका बन अधिकृत कमल कान्त खरेल, बन अधिकृत दामोदर पाण्डे, जिल्ला बन महासंघका सदस्य शम्भु प्रसाद न्यौपाने, शिवराम थापा, लगायत सामुदायिक वनका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वन व्यवस्थापन, सामुदायिक वनमा देखापरेका समस्या, पर्यटन प्रवर्द्धनका सम्भावना, तथा वनसम्बन्धी नीति र कानुनी विषयमा विस्तृत छलफल गरिएको थियो। सामुदायिक वन उपभोक्ताहरूको सक्रिय सहभागिता र सरोकारवाला निकायहरूको उपस्थितिले कार्यक्रमलाई फलदायी बनाएको भन्दै आयोजक महासंघका सचिव भवानी प्रधानले अभिमुखिकरण कार्यक्रमले सामुदायिक वनको दीर्घकालीन संरक्षण र व्यवस्थापनमा टेवा पुग्ने विश्वास व्यक्त गरिन् ।

# थाहानगरको लितीगाउँमा ... . .

च्वाइस नेपालका प्रताप घिमिरेले जानकारी दिए । खानेपानी आयोजनाको ट्याङ्की निर्माणका लागि काले स्याङ्तान, वीर सिंह घलान, श्याममाया वाइवा, फाउते सिंह गोले, राम बहादुर स्याङ्तान र माइली स्याङ्तानले जग्गा दान गरेका थिए । जग्गा दाताहरूलाई पनि ३० जेठमा भएको कार्यक्रममा दोसल्ल ओडाएर प्रशंसा पत्र सहित सम्मान गरिएको छ । सो अवसरमा कार्यक्रममा नागदह आधारभूत विद्यालयका १० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको थियो ।



उद्घाटन कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, थाहा १२ का वडा सदस्यहरू युवराज जिम्बा, सुरेश घलान, सुनिता दर्जी, सुकमाया थिङ, प्रकाश स्याङ्तान, निर्माण समिती अध्यक्ष हिरामान घलान, थाहा नगरपालिका सामाजिक बिकास शाखा प्रमुख अनिल लामिछाने, थाहानगर खानेपानी व्यवस्थापन बोर्डका सुरज कुमार भुजेल, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबू अर्याल, स्थानीय किरणमान बल लगायत च्वाइस नेपालका कार्यक्रम निर्देशक किरण न्यौपाने तथा प्राविधिक र कर्मचारीहरू, डोटेरा अमेरिकाका प्रतिनिधि तथा स्थानीयको उल्लेख्य उपस्थिती रहेको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहाले अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत ६ करोड बढि बजेट पायो

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले थाहा नगरपालिकाको लागि २ करोड ४९ लाख २१ हजार रूपैयाँ सशर्त अनुदान दिने भएको छ । १ असारमा बागमती प्रदेश सरकारले सार्वजनिक गरेको बजेट मार्फत आगामि आर्थिक वर्ष २०८२/०८३ का लागि उक्त बजेट पठाउने भएको हो ।

बागमती प्रदेश सरकारले माझगाउँ स्थित मूल सडकदेखि महालक्ष्मी सडक हुँदै टोट्सी बस्ती जोड्ने सडक थाहा-९ का लागि ६० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । कृषि सिकाइ तथा स्रोत केन्द्र स्थापनाका लागि १० लाख, उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदानका लागि ५ लाख, वैशीटोल दुईघरे सिंचाइ आयोजना, थाहा-५ का लागि २५ लाख, मौलिक चलचित्र छायाँङ्कन स्थल निर्माण थाहा-६ का लागि १० लाख, बज्रवाराही क्षेत्र सिसि टिभी जडान थाहा-६, का लागि ५ लाख, भोम्जन डाँडा सिन्तान टोल पन्तेपाखा सडकका लागि ४० लाख, माध्यमिक तहमा शुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालय शिक्षा सहयोग कार्यक्रम (कक्षा ११ र १२) का लागि ६ लाख ३४ हजार, शुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अनिवार्य विषय शिक्षकका लागि


बागमती प्रदेश: बजेट आ.व. २०८२/०८३

शिक्षण सहयोग अनुदान ५ लाख ६८ हजार रूपैयाँ बजेट प्राप्त भएको छ ।

आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रमका लागि २४ हजार रूपैयाँ, अपाङ्गता भएका बालबालिकाको लागि सामुदायिक पुर्नस्थापना कार्यक्रमका लागि ३ लाख, एक विद्यालय एक नर्स कार्यक्रमका लागि ३३ लाख ९५ हजार, आधारभूत अस्पताल सुदृढिकरण १५ लाख, आग्रा स्वासथ्य चौकीय सुदृढिकरण थाहा-८ का लागि १५ लाख, आधारभूत स्वास्थ्य सेवा सुदृढिकरण थाहा-१ का लागि १० लाख र टौखेल शहरी स्वास्थ्य केन्द्र सञ्चालन अनुदान ५ लाख रूपैयाँ सशर्त अनुदान विनियोजन भएको छ ।

यसैबीच थाहा नगरपालिकाको लागि आर्थिक वर्ष २०८२/०८३ मा विशेष अनुदान ६५ लाख र समपूरक अनुदान २ करोड ८८ लाख रूपैयाँ विनियोजन भएको छ । प्रदेशले थाहानगरका लागि झकेडाँडा ऐसेलुखर्क पुरानोखानी गाउँ मोरिया सुलीकोट खानेपानी आयोजना थाहा ८ लाई विशेष अनुदानको योजनाको रूपमा छनोट गरेको छ ।

थाहाका लागि ३ वटा समपूरक अनुदानका लागि बजेट विनियोजन भएको छ । प्रदेशले समपुरक नौखण्डे लिती जगडाँडा सडक थाहा ११ र १२ लाई १ करोड ८ लाख बजेट विनियोजन गरेको हो । त्यस्ते भकुण्डेबास काभ्रेखर्क भन्ज्याङ सिम्ली सडक थाहा-८ का लागि ८० लाख र शिखरकोट रूप्से सडक थाहा ४ का लागि १ करोड समपूरक बजेट विनियोजन गरेको छ ।

समपूरक अनुदानबाट सञ्चालन हुने उक्त आयोजनाका लागि प्रदेश सरकारले विनियोजन गरेको रकम कुल लागतको ४० प्रतिशत मात्र हो । नयाँ कार्यविधि अनुसार उक्त आयोजनाहरूका लागि ६० प्रतिशत बजेट थाहा नगरपालिकाले विनियोजन गर्नुपर्ने प्रावधान रहेको छ । थाहानगरमै रहेका कृषि तथा वन विज्ञान विश्व विद्यालय, मदनभण्डारी विश्व विद्यालय तथा जिल्ला र प्रदेशमा रहेका सरकारी तथा गैरसरकारी संघसंस्थासंगको सहकार्यमा प्रत्येक वडामा माटो परीक्षण शिविर, तरकारी बालीमा लाग्ने रोगकिराको जाँच, विषादी परीक्षण तथा मौसम अनुसारको विज्ञको उपस्थितीमा घुम्ती बाली उपचार शिविर सञ्चालन गरिने छ ।

## विदेशी पाहुना खानेपानी ट्याङ्की र धारामा रंङरोगन गर्दै



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १२ स्थित लितीमा खानेपानी ट्याङ्की र धारामा रंङरोगन गरेर चिटिक्क पारिएकको छ । वडा नम्बर १२ मा निर्माण भएको लिती खानेपानी आयोजनाको ट्याङ्की र धारामा रंङरोगन अमेरिकाबाट आएका पाहुनाले गरेका हुन् ।

खानेपानी आयोजनाको उद्घाटन कार्यक्रममा सहभागी हुन आएका उनीहरू मनोरञ्जनात्मक कार्यक्रममा सहभागितासँगै स्थानीयको सहयोगमा जुटेका थिए । थाहा नगरपालिका वडा नम्बर १२ का वडाध्यक्ष टिकाराम स्याङ्तानले अमेरिकाको विभिन्न राज्यबाट नेपाल आएका अमेरिकी नागरिकले खानेपानी आयोजनाको ट्याङ्की र धारामा रंङरोगनका लागि २८ जेठ बिहानैबाट जुटेको बताए ।

विदेशी पाहुनाले स्थानीयको घरघरमा पुगेर धारामा रंङ्रोगन गरेको थिए । विदेश आएपछि गाउँमा रौनक र चहलपहल बढेको छ, वडाध्यक्ष स्याङ्तानले भने-'हाम्रो र उनीहरूको भेषभुषा, रहनसहन परम्पराको बारेमा जानकारी गर्ने गराउने अवसर मिलेको छ ।'

योग्यता प्रणालीको सम्मान गरौं !

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

"योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिबद्धता"

नेपाल सरकार
विज्ञापन बोर्ड

विपद्को पूर्वतयारी गरौं !

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं ।"

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी